वराहपोखरी गाउँपालिकाको १४ औं गाउँसभामा गाउँपालिका

उपाध्यक्ष श्री भुवलराज राई ज्यूद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८०।०८१ को

# योजना तथा बजेट संशोधन/थप-घट विषयको

# प्रस्तुतीकरण कार्यक्रम

वि.सं. २०८० साल पुस १६ गते सोमबार

वराहपोखरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाघखोरभन्ज्याङ, खोटाङ

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

यस वराहपोखरी गाउँपालिका खोटाङको उपाध्यक्षको हैसियतले १४औं गाउँसभाको बैठकमा चालु आ.व. २०८०।०८१ का बजेट तथा कार्यक्रम स्वीकृतीको लागि मिति २०८०।०३।१० मा भएको १३औं गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुमध्ये विभिन्न शिर्षकहरुका बजेट तथा कार्यक्रमहरु संशोधन, थप-घट र परिवर्तन गर्ने विषयमा प्रस्तुत गरिरहँदा गौरवान्वित महसुस गरेको छु । यस विशेष अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा रुपान्तरण गर्ने क्रममा जीवन वलिदान गर्नुहुने सम्पूर्ण महान् शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत नेतागणहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका महान् नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

चालु आ.व. २०८०।०८१ को लागि विभिन्न कार्यक्रममा विनियोजन गरिएको रकम मिति २०८०।०३।१० गते भएको गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा समावेश गर्दा तथा चालु आ.व. २०८०।०८१ को हालसम्मको आय-व्यय विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदछु ।

**आय तर्फ**

१. नेपाल सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. ३ करोड ७८ लाख ५० हजार रुपैया मात्र ।
२. नेपाल सरकार शसर्त अनुदान चालू श्रोत तर्फ रु. ७ करोड २५ लाख ३७ हजार रुपैया मात्र ।
३. नेपाल सरकार शसर्त अनुदान पुँजीगत श्रोत तर्फ रु. १ करोड १४ लाख ५० हजार रुपैया मात्र ।
४. नेपाल सरकार समपुरक अनुदान पुँजीगत श्रोत तर्फ रु. ६७ लाख ५० हजार रुपैया मात्र ।
५. कोशी प्रदेश समानिकरण अनुदान श्रोत तर्फ रु. ११ लाख १६ हजार २ सय ५० रुपैया मात्र ।
६. कोशी प्रदेश शसर्त अनुदान चालु श्रोत तर्फ रु. ६२ हजार ५ सय रुपैया मात्र ।
७. कोशी प्रदेश शसर्त अनुदान पुँजीगत श्रोत तर्फ रु. १३ लाख रुपैया मात्र ।
८. प्रदेश सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. ४ लाख २८ हजार ८ सय ८७ रुपैया ३६ पैसा ।
९. संघीय सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. २ करोड २६ लाख ५६ हजार १ सय ९ रुपैया ६० पैसा ।
१०. आन्तरिक श्रोत तर्फ रु. २ करोड ४ हजार ५ सय ३७ रुपैया ६४ पैसा ।

चालु आ.व. २०८०।०८१ मा हालसम्म जम्मा रु. १७ करोड ४१ लाख ५५ हजार २ सय ८४ रुपैया ६४ पैसा कुल आम्दानी भएको देखिन्छ ।

**व्यय तर्फ**

१. नेपाल सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. ४२ लाख ९३ हजार ५ सय ३१ रुपैया मात्र।
२. नेपाल सरकार शसर्त अनुदान चालू श्रोत तर्फ रु. ३ करोड ७७ लाख ४४ हजार ४ सय ३१ रुपैया ९८ पैसा।
३. नेपाल सरकार समपुरक अनुदान पुँजीगत श्रोत तर्फ रु. ५८ हजार १ सय २० रुपैया मात्र।
४. प्रदेश सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. १ लाख ७६ हजार ४ सय ९० रुपैया मात्र।
५. संघीय सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. १ करोड ४३ लाख ४० हजार ८ सय १२ रुपैया ५० पैसा।
६. आन्तरिक श्रोत तर्फ रु. ६७ लाख ६५ हजार ३ सय ६७ रुपैया ७० पैसा।

चालु आ.व. २०८०।०८१ मा हालसम्म जम्मा रु. ६ करोड ३३ लाख ७८ हजार ७ सय ५३ रुपैया १८ पैसा कूल खर्च भएको देखिन्छ।

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

गाउँ कार्यपालिकाको मिति २०८०।०९।१२ गते बसेको बैठकको निर्णयानुसार चालू आ व २०८०।०८१ को बजेट तथा कार्यक्रम स्वीकृतीको लागि मिति २०८०।०३।१० मा भएको १४औं गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुमध्ये **संघीय समपूरक साझेदारीबाट रु ४० लाख**, **प्रदेश समपूरक साझेदारीबाट रु १० लाख** तथा **आन्तरिक श्रोत एवं बैंक मौज्दातबाट रु. १ करोड १४ लाख ४ हजार ५ सय रुपैया** गरी जम्मा रु **१ करोड ६४ लाख ४ हजार ५ सय रुपैया** बराबरको बजेट तथा कार्यक्रमबाट संशोधन, थप-घट र परिवर्तन गर्न आवश्यक देखिएकोले देहाय बमोजिमका योजना शिर्षकहरुमा देहाय बमोजिका बजेटहरु संशोधन, थप-घट र परिवर्तन गर्नको लागि गाउँसभा समक्ष प्रस्ताव पेश गरेको छु। सो प्रस्तावलाई अनुमोदन गरिदिन हुन अनुरोध गर्दछु।

**नयाँ थप गरिएका योजनाहरु**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | बजेट रु |
|---|---|---|
| १ | ६ नं वडा कार्यालय भवनको लागि ग्याविन जाली निर्माण | १०,००,०००/- |
| २ | पर्यटन पूर्वाधार साझेदारी कार्यक्रम | १०,००,०००/- |
| ३ | करुणा फाउन्डेसन साझेदारी कार्यक्रम | ७,००,०००/- |
| ४ | प्रशासकीय भवन निर्माण | ३०,००,०००/- |
| ५ | भदौरे सडक जाली निर्माण | ३,००,०००/- |
| ६ | धाप्लाङ टार-स्कुल डाँडासम्म ग्राभेल निर्माण | ५,००,०००/- |
| ७ | धाप्लाङघाट पिक्निक स्पोर्ट प्लास्टर तथा रङरोगन | २,००,०००/- |
| ८ | वराहपोखरी ताल क्षेत्रमा शंखधर शाख्वाको शालिक निर्माण | ४,००,०००/- |
| ९ | गाउँपालिका खेलकुद कार्यक्रम | ५,००,०००/- |
| १० | स्थानीय भत्ता | ५,००,०००/- |
| ११ | कृषी एम्बुलेन्स खरिद | १०,००,०००/- |

| | | |
|---|---|---|
| १२ | पालिका भवन मुनिको क्रस ड्रेन निर्माण | ५,५०,०००/- |
| १३ | सिमा बोर्ड नयाँ निर्माण तथा मर्मत | १,००,०००/- |
| १४ | सडक बत्ति मर्मत | २,००,०००/- |
| १५ | धाप्लाङघाटको झोलुङ्गे पुल मर्मत | १,००,०००/- |
| १६ | राष्ट्रपति रनिङ शिल्ड | १,००,०००/- |
| १७ | इलाका प्रहरी कार्यालय चिसापानी कार्यालय व्यवस्थापन | १,५०,०००/- |
| १८ | महिला विकास शाखा विविध कार्यक्रम | ३,००,०००/- |
| १९ | टोड्के यावला सडक निर्माण | ५,००,०००/- |
| २० | पाईप खरिद | ४,००,०००/- |
| २१ | मासिन्टार तोरी मिल खरिद तथा व्यवस्थापन | ४,००,०००/- |
| २२ | महिला स्वयम् सेविका प्रोत्साहन भत्ता | २६,०००/- |
| २३ | जगतलाल स्वास्थ्य शिविर सञ्चालनमा भएको विविध खर्च | २,२८,०००/- |
| २४ | जनविकास मा वि अधुरो खेलकुद मैदान निर्माण | ५,००,०००/- |
| २५ | जिमिगाउँ भन्ज्याङ मोड सुधार र गहते पुछार मोड सुधार योजनाको गत आव २०७९।०८० को दायित्व भुक्तानी बाँकी | ३०,०००/- |
| २६ | भानुभक्त आ वि सरस्वती मन्दिर निर्माण | २,००,०००/- |
| २७ | माछा पालन पकेट सञ्चालन अनुदान (वडा नं. २ र ४) | २,५०,०००/- |
| २८ | वडा कार्यालय भवन ममत सम्भार (वडा नं. ५) | ५,००,०००/- |
| २९ | अन्तराष्ट्रिय नारी दिवश | ३,००,०००/- |
| ३० | कृषि अनुदान कार्यक्रम | १,५०,०००/- |
| ३१ | घरेलु तथा साना उद्योग व्यवसाय प्रोत्साहन | ५०,०००/- |
| ३२ | डाँडाखर्क आ.वि. फर्निचर निर्माण | १,००,०००/- |
| ३३ | काउलेलि बर-न्याउले सडक स्तरोन्नती | २,५०,०००/- |
| ३४ | सावित्रा देवी मन्दिर निर्माण | २,००,०००/- |
| ३५ | सावित्रा आ.वि. जस्तापाता खरिद | १,५०,०००/- |
| ३६ | स्वास्थ्य चौकी वराहपोखरी विधुतिय वाईरिङ | ४५,०००/- |
| ३७ | सम्पूर्ण विद्यालयहको मेशिनरी औजार मर्मत | ५,००,०००/- |
| ३८ | शंखेश्वरी मा वि वाईरिङ | ७०,०००/- |
| ३९ | सेवा करार शुल्क | २,००,०००/- |
| ४० | इलाका प्रशासन कार्यालय खोटाङ बजारको भवन निर्माण | २,००,०००/- |
| ४१ | व्यवसाय दर्ता शिविर कार्यक्रम | ३,००,०००/- |
| ४२ | हरिवोधनी एकादशी मेला खर्च | २,५५,५००/- |
| | **जम्मा** | **१,६४,०४,५००/-** |

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

चालु आ व २०८०।०८१ को १३औं गाउँसभाबाट तपसिल योजना शिर्षकहरुमा विनियोजित रु **१ करोड ३१ लाख १५ हजार रुपैयाबाट** तपसिल बमोजिमका योजना शिर्षकहरुमा संशोधन, थप-घट तथा परिवर्तन गर्नको लागि गाउँसभा समक्ष प्रस्ताव पेश गरेको छु। सो प्रस्तावलाई अनुमोदन गरिदिन हुन अनुरोध गर्दछु।

**नयाँ संशोधित योजनाहरुको**

| सि नं | साविकको योजनाको शिर्षक | रकम | संशोधित तथा थप योजनाको शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | वडा भरिको सडक मर्मत सम्भार -२ नं वडा | १,००,०००/- | गाउँघर क्लिनिक अधुरो भवन निर्माण - २ नं वडा | १,००,०००/- |
| २ | जनसहयोग आ वि र मौवाबोटे आ वि लाई व्यवस्थापन खर्च -६ नं वडा | १,००,०००/- | जनसहयोग आ वि कक्षा कोठा निर्माण -६ नं वडा | १,००,०००/- |
| ३ | चारैवटा विद्यालयमा भित्ते लेखन -६ नं वडा | २,००,०००/- | चारैवटा विद्यालयमा भित्ते लेखन -६ नं वडा | १,५०,०००/- |
| | | | मौवाबोटे आ वि फर्निचर निर्माण -६ नं वडा | ५०,०००/- |
| ४ | सेवा तथा परामर्श | ३०,००,०००/- | वडा नं ४ वडा कार्यालय तथा बालकन्या मा वि भवन निर्माणका लागि डि पि आर निर्माण | १०,००,०००/- |
| | | | सुनापाताल पर्यटन प्रवर्धन गुरुयोजना | २०,००,०००/- |
| ५ | डाङ्सिन्टार भोर्मा ट्र्याक ओपन तथा मर्मत योजना -१ नं वडा | ३,५०,०००/- | डाङ्सिन्टार भोर्मा मोटर बाटो क्रमागत योजना -१ नं वडा | ३,५०,०००/- |
| ६ | राकुली कात्तिके मोटरबाटो निर्माण तथा मर्मत -१ नं वडा | १,५०,०००/- | काउलेलि बर-न्याउले सडक स्तरोन्नती -१ नं वडा | १,५०,०००/- |
| ७ | कोशीटार कुलो मर्मत -१ नं वडा | १,००,०००/- | पाईप सिमेन्ट खरिद योजना -१ नं वडा | १,००,०००/- |
| ८ | जिमिगाउँ साईटार वर डाँडा अधुरो बाटो निर्माण योजना १ नं वडा | १,५०,०००/- | पाईप सिमेन्ट खरिद योजना -१ नं वडा | १,००,०००/- |
| | | | महिला खेलकुद कार्यक्रम नं वडा १- | ५०,०००/- |
| ९ | खानेपानी पाईप तथा सिमेन्ट खरिद -३ नं वडा | ६,००,०००/- | लेन्टार बङ्दुवा ट्र्याक ओपन -३ नं वडा | ४,००,०००/- |
| | | | विर्ता बोझेनी खानेपानी योजना -३ नं वडा | १,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | ओल्लो सिन्ताङको खानेपानी ट्याङ्की मर्मत -३ नं वडा | १,००,०००/- |
| १० | खेलकुद सामग्री खरिद तथा व्यवस्थपान -३ नं वडा | २,४०,०००/- | खेलकुद कार्यक्रम तथा व्यवस्थापन -३ नं वडा | १,४०,०००/- |
| | | | जनविकास मा वि खेलकुद सामाग्री खरिद -३ नं वडा | ६०,०००/- |
| | | | भानुभक्त आ वि खेलकुद सामाग्री खरिद -३ नं वडा | २५,०००/- |
| | | | सिद्देश्वरी आ वि खेलकुद सामाग्री खरिद -३ नं वडा | १५,०००/- |
| ११ | जनज्योति प्रा वि भिरगाउँ फर्निचर खरिद र झ्याल ढोका मर्मत -१ नं वडा | १,००,०००/- | जनज्योती प्रा वि भिरगाउँ फर्निचर निर्माण, भवन मर्मत तथा ग्राउण्ड सम्याउने योजना -१ नं वडा | १,००,०००/- |
| १२ | विद्यालयहरुमा भित्तेलेखन कार्यक्रम -१ नं वडा | १,००,०००/- | शंखेश्वरी मा वि भित्तेलेखन तथा हिलट्याङ्क खरिद -१ नं वडा | ७५,०००/- |
| | | | वडा भरिका सबै विद्यालय हाजिरी जवाफ प्रतियोगिता -१ नं वडा | २५,०००/- |
| १३ | दुई घरे रुम्दु सडक निर्माण | १०,००,०००/- | भिर गाउँ रुम्दु सडक स्तरोन्नती | १०,००,०००/- |
| १४ | अन्तराष्ट्रिय साक्षरता दिवशको अवसरमा विभिन्न कार्यक्रम खर्च | १,००,०००/- | नि मा वि (कक्षा ६-८) स्तरीय हाजिरी जवाफ र प्रा वि (कक्षा १-५) स्तरीय नृत्य प्रतियोगिता कार्यक्रम खर्च | १,००,०००/- |
| १५ | ५०% साझेदारीमा कृषि भ्रमण | ३,००,०००/- | कृषक भ्रमण कार्यक्रम | ३,००,०००/- |
| १६ | खानेपानीको पाईप खरिद तथा व्यवस्थापन -४ नं वडा | १,५०,०००/- | जाल्पा प्रा वि ल्यापटप खरिद -४ नं वडा | १०,०००/- |
| | | | खानेपानी पाईप खरिद तथा व्यवस्थापन -४ नं वडा | ४५,०००/- |
| | | | विद्युत व्यवस्थापन -४ नं वडा | ९५,०००/- |
| १७ | लक्षित वर्ग कार्यक्रम | ११,७५,०००/- | दलित सिप विकास कार्यक्रम | ३,००,०००/- |
| | | | जनजाती कार्यक्रम राई- | २,७५,०००/- |
| | | | जनजाती कार्यक्रम नेवार- | २,००,०००/- |
| | | | जनजाती कार्यक्रम मगर- | २,००,०००/- |
| | | | जनजाती कार्यक्रम तामाङ- | २,००,०००/- |
| १८ | JCB तथा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन | ४०,००,०००/- | JCB तथा एम्बुलेन्स मर्मत | १३,००,०००/- |
| | | | JCB तथा एम्बुलेन्सको इन्धन | २७,००,०००/- |
| १९ | पशु औषधी खरिद | १२,००,०००/- | पशु औषधी खरिद | ८,००,०००/- |
| | | | पशु विमा सम्बन्धी गोष्ठी | २,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | पशु हाडनाता प्रजनन सम्बन्धी तालिम | २,००,०००/- |
| | **जम्मा** | **१,३१,१५,०००/-** | | **१,३१,१५,०००/-** |

**अन्त्यमा,**

चालु आ.व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रममा थप गरिएका कार्यक्रम तथा विनियोजित रकम र चालु आ.व. २०८०।०८१ को लागि स्वीकृत गरिएका बजेट तथा कार्यक्रममा आवश्यक संशोधन, थप-घट तथा परिवर्तन गर्नका लागि आव्हान गरिएको यस १४औं गाउँसभामा पाल्नुहुने सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरुबाट सल्लाह र सुझावका साथ छलफल पश्चात उल्लेखीत कार्यक्रमहरु अनुमोदन गरिदिन हुन हार्दिक अनुरोध गर्दै विदा हुन चाहान्छु। धन्यवाद॥